# आर्थिक वर्ष २०८३।०८४

# बजेट वक्तव्य

## बागमती गाउँपालिका

## मकवानपुर

## बागमती प्रदेश

## मितिः २०८३ असार ५

**श्रद्धेय अध्यक्ष महोदय,**

१. अहिले हामी स्थानीय सरकारको हैसियतमा ऐतिहासिक दोस्रो गाउँसभाको नवौं अधिवेशनको प्रथम बैठकमा आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको छलफलमा छौं। सीमित श्रोत साधनबाट जनताका असीमित इच्छा आकांक्षालाई सम्बोधन गर्न निश्चय पनि चुनौतिपूर्ण छ।

२. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, १६ औं आवधिक योजना, सङ्घीय र बागमती प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेट, प्रचलित कानुन एवं दिगो विकासको लक्ष्यलाई बजेट तथा कार्यक्रम तयार गर्ने मार्गदर्शनको रुपमा लिएको छु।

३. देशको आर्थिक क्षेत्रमा उत्पन्न कठिन परिस्थिति र विश्वव्यापी रुपमा देखापरेको आर्थिक संकटको कारण ओरालो लागेको अर्थतन्त्रलाई उकास्दै बागमती गाउँपालिका बासीको जीवनस्तर सहज बनाउन आईपरेका चुनौतीहरुलाई संवोधन गर्दै सुशासन मार्फत समग्र गाउँपालिकाको समृद्धिका लागि सहयोग पुग्ने ध्येयका साथ बागमती गाउँपालिका सरकारको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

४. यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली जनताको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात वीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु। राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु।

५. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु। पालिकाको समृद्धिको यात्रालाई टेवा पुर्‍याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्न अनुमति चाहन्छु।

६. बागमती गाउँपालिकाको समृद्धिको लागि हाम्रो पालिकाले लिएको "**वन, पशुपालन, जल, शिक्षा र खेतीः सम्पन्न नागरिक, समृद्ध बागमती**" भन्ने दीर्घकालीन सोचलाई आत्मसात् गर्दै स्वस्थ, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने दिशामा आगामी वर्षको

बजेट तथा कार्यक्रम लक्षित रहेको कुरा म सम्मानित सभाका सदस्यज्यूहरुलाई विश्वास दिलाउन चाहन्छु।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म चालु आ.व. २०८२।०८३ को वार्षिक कार्यक्रमको समीक्षा गर्न अनुमति चाहन्छु।

७. चालु आ.व. को लागि गाउँसभाबाट कुल विनियोजित **रु. ८३ करोड ७२ लाख ६७ हजार ६ सय ७४** रुपैयाँ बजेट मध्ये हालसम्म चालु तर्फ **रु. ३० करोड १९ लाख ८६ हजार ८ सय ७४** रुपैयाँ र पुंजीगत **तर्फ रु. १८ करोड २० लाख ६५ हजार ७ सय ७७** रुपैयाँ खर्च भएको छ। २०८३ जेठ मसान्त सम्ममा कुल विनियोजित बजेट मध्ये हालसम्म **५७.८१ प्रतिशत** खर्च भई सकेको छ।

८. चालु आ.व. मा भएका उल्लेखनीय कार्यहरु यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

- चालु आ.व. मा बागमती गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरिने सम्पूर्ण कामकाजलाई सरल, पारदर्शी, छिटोछरितो एवं सेवाको गुणस्तरलाई अब्बल बनाउन मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत, पशुचिकित्सक, मुख्य फुटबल प्रशिक्षक लगायतका विभिन्न पदमा २० जना करार कर्मचारी पदपूर्ति गरिएको छ। बागमती गाउँपालिकाबाट प्रदान गरिने सेवालाई सहज बनाई गुणस्तरीय रुपमा कार्यसम्पादन गर्न २ जना कर्मचारीहरुलाई सरुवा भइ आउनका सहमति प्रदान गरिएकोमा २ जनाको नै बागमती गाउँ कार्यपालिकाको कार्यालयमा सरुवा भइ कार्यसम्पादन गरिरहेका र बागमती प्रदेश लोक सेवा आयोगबाट समेत चालु आ.व. मा पाचौं स्तरका कर्मचारी ३ जना सिफारिस भइ आएकामा निजहरुलाई नियुक्ति दिई कामकाजमा लगाईएको छ।
- बागमती गाउँपालिका मातहत रहेका वडा कार्यालय, स्वास्थ्य सेवा केन्द्र, विद्यालय लगायत अन्य कार्यालयहरुमा सेवा प्रवाहलाई गुणस्तरीय एवं सेवामैत्री बनाउन कर्मचारीहरुको आन्तरिक सरुवा प्रणालीलाई व्यवस्थित बनाईएको छ।
- बागमती गाउँपालिकाको वर्तमान संगठन संरचना, आवश्यक दरबन्दी एवं संगठन व्यवस्थापन तथा सर्वेक्षण (O&M) प्रचलित कानुन बमोजिम अद्यावधिक गरी कार्यान्वयनको चरणमा रहेको छ।

- बागमती गाउँपालिकाले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा ८४.६ अंक प्राप्त गरी कार्यसम्पादनमा उत्कृष्ट स्थानीय तहको रुपमा आफूलाई प्रस्तुत गर्न सफल भएको छ।
- प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा प्रकाशित सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कनमा बागमती गाउँपालिकाले ६६.३९ अंक प्राप्त गरी मकवानपुर जिल्लाका १० वटा स्थानीय तहहरु मध्येमा प्रथम हुन सफल भएको छ।
- बागमती गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई चुस्त, छिटो, छरितो एवं सेवाग्राहीमैत्री तथा गुणस्तरीय बनाउन सोधपुछ तथा सहायता कक्ष, गुनासो पेटिका, गुनासो सुन्ने अधिकारी, प्रवक्ता र सूचना अधिकारीको व्यवस्था मिलाईएको छ।
- जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिएको छ। जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति एवं नागरिकहरुलाई सेवा प्रवाहमा सहज पहुँचका लागि नगर प्रहरी र कार्यालय सहयोगी मार्फत आवश्यक सहजीकरण गर्ने व्यवस्था मिलाईएको छ।
- आ.व. २०८१/८२ को बेरुजुको हकमा बागमती गाउँपालिकाको स्थापना कालदेखि हाल सम्मकै सबै भन्दा न्यून ०.३७% बेरुजु कायम हुन गई गाउँ कार्यपालिकाको कार्यालयले आर्थिक उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिताका साथै वित्तीय अनुशासनको परिपालना गरेको छ। गत विगत आ.व. का बेरुजुहरुको हकमा समेत गाउँ कार्यपालिका कार्यालयको सक्रिय पहलमा उल्लेख्य मात्रामा बेरुजु सम्परीक्षण एवं फस्यौंट गर्न सफल भएको छ। चालु आ.व. २०८१/०८२ को असुल उपर गर्नु पर्ने बेरुजु शून्यमा झारिएको छ।
- चालु आ.व. मा बागमती गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरुमा **Biometric Device** प्रणालीबाट सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुको दर्ता एवं नवीकरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- आन्तरिक राजस्व कार्यालय हेटौंडाको सहकार्य र समन्वयमा बागमती गाउँ कार्यपालिकाको कार्यालयबाट करदाता सेवा संचालनमा ल्याई व्यक्तिगत एवं व्यावसायिक **PAN** उपलब्ध गराईएको छ।

- बागमती गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारीहरुलाई नियमनका लागि अधिकांश सहकारीहरुलाई सहकारी व्यवस्थापन प्रणाली कोपोमिस (**COPOMIS**) मा आबद्ध गरिएको छ।
- बागमती गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरुमा ईन्टरनेट सेवा उपलब्ध गराईएको छ। नागरिकता सिफारिस, मुचुल्का, व्यक्तिगत घटना दर्ता एवं विभिन्न सिफारिसहरु अफिस अटोमेसन प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाईएको छ।
- बागमती गाउँपालिकाको मातहतमा रहेका सबै कार्यालयहरुमा राजश्व संकलनलाई अनलाईन प्रणाली मार्फत संकलन गर्ने व्यवस्था मिलाईएको छ।
- बागमती गाउँपालिकाको कार्यालय भित्र एवं मातहतका कार्यालयहरुमा सुरक्षा, नियमन र नियन्त्रणलाई दृष्टिगत गर्दै सम्पूर्ण शाखा एवं कार्यालयहरुमा **CC Camera** जडानको कार्य निरन्तर रुपमा भइरहेको छ। बागमती गाउँ कार्यपालिकाको कार्यालयमा पूर्ण रुपमा ई-हाजिरी प्रणाली लागू गरिएको छ।
- बागमती गाउँपालिकाको जिन्सी व्यवस्थापनलाई सुव्यवस्थित बनाउन पूर्ण रुपमा **PAMS V-2** प्रणाली लागू गरिएको छ।
- चालु आ.व. २०८२/०८३ को हाल सम्म बागमती गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि र मापदण्ड गरी कुल ४८ वटा कानुनहरु निर्माण गरेको छ।
- बागमती गाउँपालिकाको न्यायिक समितिबाट प्रदान गरिने न्यायिक सेवालाई सहज र सरलीकृत तवरले उपलब्ध गराई मेलमिलापको माध्यमबाट विवादहरुको निरुपण गर्न गाउँ कार्यपालिकाको कार्यालयमा न्यायिक इजलास स्थापना गरी ९ वटै वडामा मेलमिलाप केन्द्र गठन भई सञ्चालनमा ल्याईएको छ।
- यस बागमती गाउँपालिकाको न्यायिक समितिमा चालु आ. व. २०८२/०८३ मा पर्न आएका विवादहरु मध्ये ८० प्रतिशत भन्दा बढी विवादहरु स्थानीय स्तरमा नै समाधान गर्न सफलता प्राप्त भएको छ।
- चालु आ.व. मा आन्तरिक आय तर्फ रु. ४ करोड ८० लाख ६६ हजार ८७ रुपैयाँ र दहत्तर बहत्तर शुल्क तर्फ रु. ९० लाख ४९ हजार ५५ रुपैयाँ गरी कुल ५ करोड ७१ लाख १५ हजार १ सय ४३ रुपैयाँ राजस्व संकलन गरिएको छ।
- बागमती गाउँ विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम बागमती गाउँपालिकाका विपद् प्रभावित ३६ जना नागरिकहरुलाई क्षतिको प्रकृतिको आधारमा प्रचलित कानुन अनुसार ७ लाख ९० हजार रकम क्षतिपूर्ति स्वरुप उपलब्ध गराईएको छ।

- सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन एवं स्थानीय निर्माण व्यवसायीहरुलाई प्रोत्साहित गर्न ५ जना निर्माण व्यवसायीहरुलाई **"घ"** बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गरिएको छ।
- गाउँ कार्यपालिकाको निर्णय अनुसार आपत् विपद्मा परेका बागमती गाउँपालिका ३२ जना नागरिकहरुलाई रु. ६ लाख ३५ हजार रकम आर्थिक सहायता स्वरुप प्रदान गरिएको छ।
- आमाबाबु बिहीन बालबालिकाहरुलाई संरक्षकत्व प्रदान गर्न २१ जना आमाबाबु बिहीन बालबालिकाहरुलाई मासिक रु. २ हजारका दरले सहायता प्रदान गरिएको छ।
- बागमती गाउँपालिकाका ३७ जना दीर्घी रोगी नागरिकहरुलाई मासिक रु. ५ हजारका दरले आर्थिक सहायता प्रदान गरिएको छ।
- शैक्षिक वृत्तिको लागि बागमती गाउँ कार्यपालिकाको निर्णय अनुसार बागमती गाउँपालिकाका ८ जना छात्रछात्राहरुलाई रु. ४ लाख ६ हजार ६ सय रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको छ।
- गाउँ विपद् व्यवस्थापन समितिको निर्णयबाट कुल २२ वटा विपद् सम्बन्धी योजनाहरु प्रदेश सरकार र सङ्घीय सरकारसँग माग गरिएकोमा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट ८ वटा योजना कार्यान्वयनका लागि बजेट विनियोजन गरी पठाईएकोमा उक्त सबै योजनाहरु कार्यान्वयनका चरणमा रहेका छन्।
- स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र (**LEOC)** को थप सुदृढीकरण गरी विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको समुचित तवरले परिचालन गरिएको छ।
- बागमती गाउँपालिकाको प्रत्येक वडाहरुमा स्थानीय स्वयंसेवक व्यूरो गठन तथा परिचालनको कार्य अगाडि बढाईएको छ।
- बागमती गाउँपालिका क्षेत्रभित्र रहेका २९ वटा विपद् जोखिम क्षेत्रहरुको पहिचान गरी उक्त संवेदनशील क्षेत्रहरुमा विपद् जोखिम न्यूनीकरण तथा बस्ती स्थानान्तरणका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरिएको छ।

- बागमती गाउँपालिकामा रहेको दमकललाई विपद्को समयमा परिचालनका लागि २४ घण्टा नै तयारी अवस्थामा राखिएको छ। बागमती गाउँपालिकाको दमकल छिमेकी जिल्ला एवं स्थानीय तहमा विपद् हुँदाको बखत प्रयोगमा ल्याईएको छ।
- दुधको दिगो बजारीकरण एवं समयमा नै किसानको दुधको भुक्तानी सुनिश्चितताका लागि बागमती गाउँपालिका र खरिपाटी डेरी प्रा. लि. बीच सम्झौता भइ यस गाउँपालिकामा दैनिक उत्पादन हुने ६ हजार लिटर भन्दा बढी दुधलाई गाउँपालिकाबाट निर्यात गर्ने व्यवस्था मिलाईएको छ। कृषकहरुलाई प्रत्येक १५/१५ दिनमा दुधको भुक्तानी हुने गरी आवश्यक व्यवस्था मिलाईएको छ।
- बागमती गाउँपालिकाका किसानहरुलाई दुध उत्पादनमा प्रोत्साहित गर्नका लागि प्रति लिटर बढीमा रु. ५ का दरले उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान प्रदान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- खोरेत रोगमुक्त गाउँपालिका घोषणाका लागि यस गाउँपालिकाको ८१२ घरधुरीमा प्रारम्भिक सर्भेको कार्य सम्पन्न गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिका लागि सहायता एवं सहयोग कार्यक्रम अन्तर्गत बागमती गाउँपालिकाको वडा नं. ०६ मा रहेका साहारा एकीकृत कृषि तथा पशुपंक्षी फार्मलाई १० वटा उन्नत जातको बाख्रा वितरण गरिएको छ।
- बागमती गाउँपालिकाको बीउपुँजी कार्यक्रम अन्तर्गत ३७ जना कृषकहरुलाई पाडा-पाडी, कुखुरा, बंगुर र बाख्रा पालनका लागि सहभागी गराइ प्रति किसान रु.१ लाखका दरले अनुदान दिने प्रक्रिया अगाडि बढाईएको छ।
- पि.पि.आर रोग विरुद्धको खोप अभियान अन्तर्गत ३०,००० बाख्रामा उक्त खोप लगाईएको छ।
- खोरेत रोग विरुद्धको खोप कार्यक्रम अन्तर्गत हालसम्म ३२,६०० डोज खोप लगाइएको छ। साथै उक्त कार्यक्रम निरन्तर रुपमा सञ्चालन भइरहेको छ।
- रेबिज सप्ताह कार्यक्रम अन्तर्गत १०० भन्दा बढी कुकुर र बिरालोलाई रेबिज बिरुद्धको खोप लगाईएको छ।
- औषधि उपचार तथा परामर्श सेवा मार्फत कृषकहरूलाई आवश्यक पशु औषधि उपलब्ध गराई उपचार गरिएको छ। पशु स्वास्थ्य सम्बन्धी समस्यामा प्रत्यक्ष र अप्रत्यक्ष माध्यमबाट भेटेरिनरी डाक्टर मार्फत चिकित्सा सेवा प्रदान गरिएको छ।

वडा कार्यालयहरुबाट समेत पशु सेवा प्राविधिकको सेवा उपलब्ध गराईएको छ। **COW Lifting** को सहायताबाट १२ वटा पशुहरुको उपचार गरिएको छ।

- बागमती गाउँपालिकाका कृषकहरूलाई खाद्यान्न बाली (धान, गहुँ) को उन्नत जातको बीउमा ५० प्रतिशत अनुदान दिई वितरण गरिएको छ। यस क्षेत्रका लागि सिफारिस गरिएका रामधान (८,८०० के.जी.), मकवानपुर-१ (३५० के.जी.) र सुख्खा-३ (३५० के.जी.) धानको बीउ कृषकहरूलाई उपलब्ध गराईएको छ।
- बागमती गाउँपालिका वडा नं. ०५ बगेरीमा सञ्चालित माझी समुदाय मौरी पालन कार्यक्रमबाट करिब ८० घरधुरी किसानहरु लाभान्वित भएका छन्।
- चालु आ.व.मा यस बागमती गाउँपालिकाको ०२ नं. वडामा कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत १४६० के.जी. हाईब्रिड मकैको बीउ र ३४५४ के.जी. कार्डिनल जातको आलुको बीउ, ०१ नं. वडामा १५१४ के.जी. हाईब्रिड मकैको विउ, ०४ नं. वडामा ६४०० के.जी. खुमल उज्जल जातको आलुको बीउ र ०५ नं. वडामा २००० पकेट सिजनल तरकारीको बीउ कृषकहरुलाई वितरण गरी कृषि उत्पादनलाई बढवा दिईएको छ।
- बागमती गाउँपालिकाको सम्पूर्ण कृषकहरुलाई आकस्मिक रोगकिरा नियन्त्रण गर्नका लागि विषादीहरु खरिद गरी निःशुल्क वितरण गरिएको छ।
- बागमती गाउँपलिका भित्र बगर खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषकहरुलाई खरबुजाको बीउ, मल्चिङ्ग प्लाष्टिक र ट्र्याप खरिद गरी वितरण गरिएको छ।
- **आ.व. २०८१/०८२ मा भएको पकेट विकास कार्यक्रमलाई निरन्तरता** दिँदै यस बागमती गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रमबाट फापरबारी कृषक समूहलाई ३०० के.जी. उन्नत जातको मकैको बीउ, १४ वटा हाते टक्याटर, ३ वटा मिल, १ वटा मकै गोड्ने टक्याटर र ८ वटा विषादी छर्किने पम्प कृषकहरुलाई वितरण गरिएको छ।
- यस गाउँपालिकामा चालु आ.व. मा अनलाईन प्रणाली मार्फत कुल १५२६ जनाको व्यक्तिगत घटना दर्ता गरिएको छ।
- यस गाउँपालिकाका कुल २८१२ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई बैङ्किङ प्रणाली मार्फत तेस्रो त्रैमासिक सम्ममा रु. ८ करोड ७६ लाख १८ हजार ३०७ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन कार्य तीब्र रुपमा अगाडि बढाईएको छ। बागमती गाउँपालिकाका ९ वटै वडाबाट हालसम्म ८,२३० वटा लगत सङ्कलन गरिएको छ।
- बागमती गाउँपालिका क्षेत्रभित्र रहेको करिब २,६५७ हेक्टर ऐलानी जग्गा मध्ये हालसम्म ७,१०० घरधुरी संख्याको १४,६१८ वटा कित्ता अर्थात् ८५ प्रतिशत भुभाग ऐलानी जग्गा नापाजाँचको कार्य सम्पन्न गरिएको छ।
- वडा नं. ०१, ०२, ०३, ०४, ०५, ०६ र ०८ मा नापजाँच कार्य सम्पन्न भइसकेको छ, भने वडा नं. ०७ र ०९ मा नापजाँच कार्य निरन्तर रूपमा भइरहेको छ। हालसम्म २,५०० वटा फारामहरूको डाटा प्रविष्टि गर्ने कार्य सम्पन्न गरिएको छ।
- चालु आ.व. मा वडा नं. ०१, ०२, ०३, ०४, ०५ र ०६ का १०४ जना भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई लालपुर्जा वितरण गरिएको छ।
- वडा नं. ०१, ०४, ०५, ०७, ०८ र ०९ का १४० जना भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुलाई लालपुर्जा वितरण गर्ने प्रयोजनार्थ सविकको जिल्ला भूमि समस्या समाधान आयोग मकवानपुरमा सिफारिस गरिएको छ।
- वडा नं. ०३ का २५० वटा अव्यवस्थित बसोबासीहरुको आवेदन फाराम सविकको जिल्ला भूमि समस्या समाधान आयोग मकवानपुरमा सिफारिस गरिएको छ।
- बागमती गाउँपालिकाको सहिद स्मृति १५ शैय्या आधारभूत अस्पतालको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ। उक्त आधारभूत अस्पतालबाट स्वास्थ्य सेवा सुचारु गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- स्थानीय पूर्वाधार विभाग र बागमती गाउँपालिकाको लागत साझेदारीमा सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण कार्य प्रारम्भ गरिएको छ। प्रशासकीय भवन निर्माण कार्य आ.व. २०८३/०८४ को बैशाख महिनमा नै सम्पन्न गर्ने लक्ष्य लिईएको छ।
- बागमती गाउँपालिकको वडास्तरीय योजना समेत उपभोक्ता समिति मार्फत कुल १११ योजनाहरु सम्झौता भएकोमा हाल सम्म ७६ वटा योजनाहरुको अन्तिम भुक्तानी तथा फरफारख समेत भएको छ भने बाँकी योजनाहरुको सम्पन्न हुने चरणमा रहेका छन्।

- चालु आ.व. मा बोलपत्र आह्वान गरी १६ वटा योजनाहरु कार्यान्वयनमा ल्याईएको छ। जसमध्ये बागमती प्रदेश सशर्त अनुदान तर्फका योजनाहरु **मन्साही तोरीबारी सडक स्तरोन्नति, साततले गुम्बा जाने बाटो स्तरोन्नति र भोर्लेनी बजारटोल सिँचाई आयोजना**को कार्य सम्पन्न भएको छ, भने बागमती प्रदेश समपूरक अनुदान तर्फका योजनाहरु **गुर्दुम कुटीभकारी सडक वडा नं. ०३** को ८० प्रतिशत कार्य सम्पन्न भएको छ भने **राईगाउँ क्यान्टिन मोटरबाटो वडा नं. ०१, ०२ र ०४** को १० प्रतिशत कार्य सम्पन्न भएको छ। सबै योजनाहरु चालु आ.व. मा नै सम्पन्न गरी सञ्चालनमा ल्याइने तयारी गरिएको छ।
- नेपाल सरकारको समपूरक अनुदान तर्फका योजना झुरझुरे कभर्ड हल निर्माणको कार्य हाल सम्म ५० प्रतिशत कार्य सम्पन्न भैसकेको अवस्था छ, भने आगामी आ.व. को लागि नेपाल सरकारले सो शीर्षकमा क्रमागत तर्फ बजेट सुनिश्चितता गरेको हुँदा आगामी आ.व. २०८३/०८४ भित्रमा नै कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईने छ।
- नेपाल सरकार विशेष अनुदान तर्फ गुन्द्रुक खोला खानेपानी आयोजनाको निर्माण कार्य भैरहेकोमा आगामी आ.व. को लागि नेपाल सरकारले बजेट सुनिश्चितता गरिसकेको अवस्थामा आगामी आ.व. भित्रमा नै कार्यसम्पन्न गरी सञ्चालनमा ल्याउने तयारी गाउँपालिकाले गरेको छ।
- बागमती गाउँपालिका वडा नं. ०५ कोइराले दमारमा स्थापना गरी संचालनमा ल्याइने क्रसर निर्माण योजनाको कार्य तीब्र गतिमा भैरहेको छ। आगामी आ.व. २०८३/०८४ को शुरुवाती महिनामा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारी गाउँपालिकाले गरेको छ।
- विगतका आ.व. मा विविध कारणले रुग्ण अवस्थामा रहेको ढाडेखोला बेली ब्रिज निर्माण योजना चालु आ.व. सम्पन्न भएको छ।
- सङ्घीय सरकार र बामगती गाउँपालिकाको लागत साझेदारीमा बागमती गाउँपालिकाको वडा नं. ०२ र ०३ जोड्ने १०९ मिटर लामो खड्के-सुन्थानी झो.पु.को निर्माण कार्य सम्पन्न भएको छ।
- एक स्थानीय तहः एक प्रमुख उद्योग कार्यक्रम अन्तर्गत बागमती गाउँपालिकाको वडा नं.०५ कोइरालेमा साइलेज फयाक्ट्री निर्माण कार्य भइरहेको छ।

- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत बागमती गाउँपालिकाको वडा नं. ०९ मा कफी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिएको छ।
- बागमती गाउँपालिकाको पहल, सहयोग एवं सहजीकरणमा बागमती गाउँपालिकाको वडा नं. ०५ बगेरीमा ४१.८६ मेघावाट विद्युत उत्पादन क्षमता भएको तल्लो सुपर बागमती हाइड्रोको निर्माण कार्य तीव्र गतिमा भइरहेको छ।
- बागमती गाउँपालिकाको समन्वय, सहकार्य र विशेष पहलमा निर्माण भएको राईगाउँ क्यान्टिन सडक खण्ड अन्तर्गत बागमती गाउँपालिका वडा नं. ०१ बज्रे देखि करौंजे गुम्बा टोल क्षेत्रमा ११५० मि. नाली तथा स्ल्याब ढलानको कार्य सम्पन्न गरिएको छ।
- बागमती गाउँपालिकाको विशेष पहलमा जनमुक्ति मार्ग अन्तर्गत पर्ने झुरझुरे-ज्यामिरे जोड्ने चौरा खोलामा करिब रु. ४२ करोड लागत अनुमान रहेको २१९ मिटर लामो पक्की पुलको ठेक्का आह्वान भइ निर्माण प्रक्रिया अगाडि बढाईएको छ। उक्त पुल निर्माण पश्चात् मकवानपुर र काभ्रेको जनताले बर्षौंदेखि भोग्नुपरेको कष्ठकर जीवन सहज हुने अपेक्षा रहेको छ।
- राईगाउँ-क्यान्टिन सडक अन्तर्गत पर्ने बागमती गाउँपालिकाको Life Line को रुपमा रहेको तर विगतमा ठेक्का भएर पनि विविध कारणले निर्माण हुन नसकेको चिरुवा खोला माथि निर्माण हुने करिब २२० मि. लामो पक्की पुल निर्माण कार्यको लागि बागमती गाउँपालिकाको विशेष पहलमा पुनः बोलपत्र अह्वान भइ निर्माण प्रक्रिया अगाडि बढाईएको छ।
- जनमुक्ति मार्ग अन्तर्गत बागमती गाउँपालिका मकवानपुरको वडा नं. ०५ र काभ्रेपलाञ्चोक जिल्लाको खानीखोला गाउँपालिका वडा नं. ०५ जोड्ने बागमती नदी माथि निर्माणाधीन ११० मिटर लम्बाई भएको शिक्रे दोभान पक्की पुल बागमती गाउँपालिकाको विशेष पहलमा चालु आ.व. २०८२/०८३ मा नै सम्पन्न हुने चरणमा रहेको छ।
- बागमती गाउँपालिका वडा नं. ०३ मा निर्माणाधीन लखन खहरे ज्ञानमन्दिर आ.वि. गढन जोड्ने ४० मिटर लामो पक्की पुल गाउँपालिकाको विशेष पहलमा चालु आ.व. २०८२/०८३ मा नै सम्पन्न हुने गरी काम तीब्र गतिमा अगाडि बढाईएको छ।

- बागमती गाउँपालिकाको विशेष पहल र सहयोगमा निर्वाचन क्षेत्र रणनीतिक सडक अन्तर्गत नुनथर–राईगाउँ–प्युटार–बगुवा १६ कि.मि. पक्की सडक निर्माणको चरणमा रहेको छ।
- बागमती गाउँपालिकाको विशेष पहलमा वडा नं. ०३ कुटीभकारीमा नेपाल टेलिकमको टावर स्थापना गरी संचालनमा ल्याईएको छ।
- बागमती गाउँपालिकाको विशेष पहलमा धार्मिक, साँस्कृतिक एवं पर्यटकीय महत्व बोकेको बौद्धमार्गीहरुको आस्थाको धरोहर तीनतले गुरु रेम्बोर्छेको प्रतिमा स्थापना गर्ने कार्य सम्पन्न गरिएको छ।
- बागमती गाउँपालिकाको विशेष पहलमा बागमती गाउँपालिका वडा नं. ०३ स्थित तीन भंगाले माझी टोलमा २१३ मिटर लम्बाइको तीन भंगाले माझी टोल घट्ट दमार जोड्ने झो.पु. को निर्माणका लागि ठेक्का आह्वान भइ निर्माणको चरणमा रहेको छ।
- बागमती गाउँपालिकाको पहलमा बागमती गाउँ कार्यपालिकाको कार्यालय परिसरमा सुविधा सम्पन्न शौचालय निर्माण गरी प्रयोगमा ल्याईएको छ।
- बागमती गाउँपालिकाको विशेष पहलमा वडा नं. ०७ को पाथिभरा र हर्दा जोड्ने ३२० मिटर लामो झोलुङ्गे पुलको निर्माण प्रक्रिया अगाडि बढाईएको छ।
- बागमती गाउँपालिकाको आफ्नै स्रोत साधन हेभी इक्वीपमेन्टको उपयोग गरी १३२० मिटर नदी, खहरे, खोलाहरु नियन्त्रणको कार्यसम्पन्न गरिएको छ। चालु आ.व भित्र कृषि पूर्वाधारको दिगोपनाका लागि ७६० मिटर सिँचाई कुलोहरु मर्मत एवं सरसफाईका कार्य सम्पन्न गरिएको छ। खेलकुद पूर्वाधारको विकास, संरक्षण एवं प्रवर्द्धनको लागि बागमती गाउँपालिका भित्र ५ वटा खेलकुद मैदानको निर्माण कार्य सम्पन्न गरिएको छ। बागमती गाउँपालिका र वडा नं. ०६ र ०९ का वन उपभोक्ता समितिको सहकार्य र समन्वयमा बागमती-०६, कायर बस्ती बचाउ र बागमती-०९, रामेछाप जाने मोटर बाटोको स्तरोन्नति गरिएको छ। चालु आ.व. मा यस बागमती गाउँपालिका क्षेत्र भित्रका वडाहरुमा कुल १७२७० मिटर सडकको नयाँ ट्र्याक निर्माण गरिएको छ। चालु आ.व. मा यस बागमती गाउँपालिका क्षेत्र भित्रका वडाहरुमा ४५७४३ मिटर सडक सरसफाईका कार्य सम्पन्न गरिएको छ। यसै गरी चालु आ.व. मा यस बागमती गाउँपालिका क्षेत्र भित्रका वडाहरुमा १२०० मिटर सडक ग्रभेल गरिएको छ। बागमती गाउँपालिकाको हेभी इक्वीपमेन्टलाई छिमेकी स्थानीय तहका पूर्वाधार निर्माण,

अन्तर सरकारी कार्यालयहरुसँगको समन्वयमा उपयोग र विपद् व्यवस्थापनमा परिचालन गरिनुका साथै आन्तरिक राजश्व अभिवृद्धि गर्ने हेतुले विभिन्न आयोजनाहरुमा भाडामा दिई गाउँपालिकाको समग्र हितका लागि परिचालन गरिएको छ।

- बागमती गाउँपालिकाको ९ वटै वडाहरुमा निःशुल्क आँखा शिविर संचालन कार्यक्रम सम्पन्न गरिएको छ। ११० जना मोतिबिन्दुका बिरामी पहिचान हुन गएकोमा ७५ जना मोतिबिन्दुका विरामीको निःशुल्क अप्रेशन गरिएको छ।
- बागमती गाउँपालिकाको सम्पूर्ण वडामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत ४८९ जना गर्भवती महिलालाई समुदाय स्तरमा नै ३(तीन) पटक गर्भ जाँच गर्ने कार्य सम्पन्न गरिएको छ।
- चालु आ.व. २०८२/०८३ को हालसम्म २०४ जना नागरिकहरुलाई स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गरिएको छ।
- क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम अन्तर्गत बागमती गाउँपालिकामा CAD AI द्वारा छातीको X-ray कार्यक्रम संचालन गरी कुल ७६४ जनाको परीक्षण गरिएकोमा १६ जनाको निदान गरिएको छ।
- विद्यालय केन्द्रित एच.पी.भी. खोप अभियान, **"स्वस्थ मनः स्वस्थ जीवन"** भन्ने मूल नाराका साथ मानसिक स्वास्थ्य सम्बन्धी सचेतना अभियान, बागमती गाउँपालिकाको सम्पूर्ण वडामा नसर्ने रोगहरुको स्क्रिनिंग शिविर अभियान, महिलाहरुलाई हुने पाठेघरको मुखको क्यान्सर सम्बन्धी VIA क्याम्प, स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्न CB-IMNCI Onsite Coaching, राईगाउँ स्वास्थ्य चौकी, माझगाउँ आधारभूत स्वास्थ्य सेवा केन्द्र, बगेरी आधारभूत स्वास्थ्य सेवा केन्द्र, पाथिभरा स्वास्थ्य सेवा केन्द्र र बेतिनी स्वास्थ्य चौकीमा किशोर किशोरीमैत्री स्वास्थ्य मूल्यांकन तथा अनुगमन, सुनौलो हजार दिनका आमाका साथै ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा सम्वन्धी कार्यक्रम, बागमती गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम, महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी अन्तरक्रिया, सामुदायिक महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण र अपाङ्गता भएको व्यक्तिहरुलाई समुदायमा आधारित पुनःस्थापना कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिएको छ।

- बागमती गाउँपालिकाको स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिएको सेवाको गुणस्तरलाई दृष्टिगत गरी कार्यसम्पादन सूचकहरुको मूल्याङ्कन आधारमा निरन्तर रुपमा दोस्रो पटक पनि चालु आ.व. २०८२/०८३ मा जिल्लामा प्रथम हुन सफल भएको छ।
- बागमती गाउँपालिकाको विभिन्न ठाउँका ६२५ जनालाई रिटर्नीहरु मार्फत वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गरिएको छ। बागमती गाउँपालिका अन्तर्गत रहेका मनोसामाजिक समस्यामा रहेका २२ जना व्यक्तिहरुलाई व्यक्तिगत मनोपरामर्श सेवा प्रदान गरिएको छ। बागमती गाउँपालिकाको १८ स्थानमा स्थानीय तहको रोजगार सेवा केन्द्रद्वारा समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एड्भान्स सीप विकास तालिम कार्यक्रम) बाट बागमती गाउँपालिकाको ०५ नं. वडा, बगेरीमा गाईपालन सम्बन्धी सात जनालाई सात दिने एड्भान्स तालिम र ०३ नं. वडा, सुख्खा सल्लेनीमा १३ जनालाई बाख्रापालन सम्बन्धी तालिम र प्रविधि हस्तान्तरण गरिएको छ।
- बागमती गाउँपालिका भरी जम्मा १२ वटा श्रममुलक योजनाहरु संचालन गरिएको छ। चालु आ.व मा बागमती गाउँपालिकाको सम्पूर्ण वडाहरुमा रोजगारीमा खटिनुपूर्व अभिमुखीकरण कार्यक्रम र श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम संचालन गरिएको छ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिएको छ।
- वैदेशिक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहयोग प्राप्तिका लागि बागमती गाउँपालिकाले हाल सम्म Fewims System मा ४ जनाको कागजात पेश गरी आवश्यक प्रक्रिया अगाडि बढाएको छ।
- शैक्षिक सुशासन कायम गर्न गाउँ शिक्षा समितिका नियमित बैठकहरू सञ्चालन गरिनुका साथै शिक्षक डायरी र शैक्षिक सत्र २०८३ का लागि क्यालेण्डर छपाई गरी वितरण गरिएको छ।
- प्रधानाध्यापकहरूका लागि प्रोत्साहन भत्ता र शिक्षकहरूको दरबन्दी मिलान तथा पुनर्वितरणका कार्यहरू सम्पादन भएका छन्।

- विद्यालयहरूमा शैक्षिक वातावरण सुधारका लागि वडा नं. ०५ को देवकी वडा नं. ०८ को जनता मा.वि. र वडा नं. ०९ को राजदेवी आ.वि. को विद्यालय भवन निर्माण र वडा नं. ०४ को पञ्चकन्या आ.वि., वडा नं. ०६ जनहित आ.वि. को घेराबार निर्माण तथा आवश्यकताका आधारमा मर्मत सम्भारका कार्यहरू गरिएका छन्। साथै, विद्यालयहरूको लागि आवश्यक डेस्क, बेञ्च र फर्निचर व्यवस्थापन गरिएको छ।
- जेहेन्दार तथा विपन्न विद्यार्थीका लागि अध्यक्ष छात्रवृत्ति सहयोग कार्यक्रम मार्फत उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति विवरण गरिएको छ। यसका अतिरिक्त माध्यमिक र आधारभूत तहका विद्यार्थीहरूलाई आवासीय तथा गैरआवासीय छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक र छात्राका लागि निःशुल्क स्यानिटरी प्याडको सुनिश्चितता गरिएको छ।
- कक्षा १-३ को सिकाई उपलब्धि मूल्याङ्कन फाराम छपाई, आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन र माध्यमिक तहको SEE तयारी कक्षाहरूको सञ्चालन गरिएको छ।
- विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि स्काउट विस्तार, आठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, र खेलाडी सम्मान कार्यक्रमहरू सम्पन्न भएका छन्। साथै एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयनमा छन्।
- बागमती गुणस्तरीय शिक्षा एवं विद्यालय सूचना प्रविधि सहयोग परियोजना मार्फत विद्यालयहरूमा प्रविधिको पहुँच विस्तार गरिएको छ। साथै, उक्त कार्यक्रम अन्तर्गत वि.व्य.स. र प्र.अ. को नेतृत्व क्षमता विकास, शिक्षकहरुलाई तालिम, अभिवावक शिक्षा, बालमैत्री एवं प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन र विभिन्न विद्यालयहरूमा कम्प्युटर खरिद र पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला स्थापनाका कार्यहरूलाई तीव्रता दिइएको छ।
- स्वयंसेवक शिक्षक, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरूको पारिश्रमिक तथा थप तलब भत्ता व्यवस्थापन गरी शिक्षण सिकाई प्रक्रियालाई निरन्तरता दिइएको छ।
- विद्यालयहरूमा विद्यमान शिक्षक अभावलाई वैज्ञानिक ढंगले सम्बोधन गर्न गाउँपालिकाले ३४ जना गाउँपालिका अनुदान शिक्षकहरूको व्यवस्थापन गरेको छ।

- सूर्य माध्यमिक विद्यालयको साझेदारीमा विद्यार्थी तथा स्थानीय युवाहरूका लागि लक्षित सिपमूलक तालिम सञ्चालन गर्ने कार्यक्रम समावेश गरिएको छ।
- पालिका भित्रको मौलिकता जोगाउन स्थानीय भाषाको संरक्षण तथा प्रवर्द्धनका लागि तामाङ मातृ भाषीको बाहुल्यता रहेका २५ वटा सामुदायिक विद्यालयका शिक्षकहरुलाई तामाङ भाषा र लिपि सम्बन्धी तालिम प्रदान गरी पठनपाठन सुरु गरिएको छ।
- बागमती गाउँपालिका अन्तर्गतका ३ सामुदायिक सिकाई केन्द्र मार्फत परम्परागत सीपको संरक्षण, आधुनिकीकरण सम्बन्धी विविध तालिम तथा कार्यक्रम सञ्चालनको कार्यलाई निरन्तरता दिईएको छ। साथै, लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम र आजीवन सिकाईका गतिविधिहरू सञ्चालनमा ल्याइएको छ।
- जनता माध्यमिक विद्यालयमा छात्राबास निर्माण र विभिन्न वडाका प्रारम्भिक बाल विकास केन्द्र (ECD) हरूको भवन सवलीकरणका कार्यहरू सम्पादन भएका छन्।
- बागमती गाउँपालिका वडा नं. ०६ भित्रका सबै सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी न्यानो कपडा वितरण कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गरिएको छ।
- विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम अन्तर्गत कक्षा ६ देखि १२ सम्मका छनौट भएका विद्यार्थीहरूलाई वित्तीय सहयोग प्रदान गरिएको छ।
- १६ औं मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, २०८३ मा उत्कृष्ट खेल प्रदर्शन गर्दै २५ स्वर्ण, १५ रजत र १२ कास्य पदक गरी कुल ५२ पदक सहित बागमती गाउँपालिका जिल्लामा प्रथम हुन सफल भएको छ। यसले बागमती गाउँपालिका मकवानपुर जिल्लामा छुट्टै पहिचान स्थापित गर्न समेत सफल भएको छ।
- फागुन १ गते जनयुद्द दिवसको अवसरमा बागमती गाउँपालिका वडा नं. ०८ मा अवस्थित फापरबारी चोकदेखि बागमती गाउँ कार्यपालिकाको कार्यालय झुरझुरेसम्म पुरुष Half Marathon दौड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको छ।
- बागमती गाउँपालिका अन्तर्गतका ५० वटा सामुदायिक विद्यालयमा गाउँपालिकाको कार्यालयको प्रत्यक्ष उपस्थितिमा विद्यालय सामाजिक परीक्षणको कार्य सम्पन्न भएको छ। यसबाट विद्यालयमा थप सुशासन र पारदर्शितालाई बलियो बनाएको छ।

- बागमती गाउँपालिकाको शान र मान बोकेको मोफसलकै उत्कृष्ट बागमती गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिता, २०८३ भव्य र सभ्य रुपमा सफलता पूर्वक सम्पन्न गरिएको छ।
- बागमती गाउँपालिका, मकवानपुरले खेलकुदलाई स्वस्थ समाज, अनुशासित युवा, सामाजिक सद्भाव र राष्ट्रिय गौरव निर्माणको माध्यमका रूपमा विकास गर्दै उल्लेखनीय सफलता हासिल गरेको छ। आफ्नै स्रोत, जनश्रमदान र स्थानीय पहलबाट निर्मित सहिद स्मृति रङ्गशाला तथा नियमित रूपमा आयोजना हुँदै आएको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताले गाउँपालिकालाई राष्ट्रिय पहिचान दिलाएको छ। "एक वडा, एक खेलमैदान" अभियान, खेल पूर्वाधार विस्तार, प्रशिक्षित जनशक्ति, महिला-पुरुष समान सहभागिता तथा विभिन्न तहका प्रतियोगितामा प्राप्त सफलताले बागमतीलाई खेलकुद क्षेत्रमा उदाहरणीय स्थानीय सरकारका रूपमा स्थापित गरेको छ। यही निरन्तर योगदान, लगानी र उपलब्धिको कदर स्वरूप बागमती गाउँपालिका राष्ट्रिय खेलकुद परिषद्को ६२ औं वार्षिकोत्सवमा देशकै उत्कृष्ट स्थानीय तहका रूपमा सम्मानित तथा पुरस्कृत भएको छ।
- बागमती गाउँपालिकाले खेलाडीहरूको मनोबल अभिवृद्धि, प्रतिभाको सम्मान तथा खेलकुदप्रतिको आकर्षण वृद्धि गर्ने उद्देश्यले उत्कृष्ट खेलाडी सम्मान तथा पुरस्कार कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई नगद पुरस्कार, सम्मानपत्र तथा सार्वजनिक सम्मान प्रदान गर्दै उनीहरूको योगदानको उच्च कदर गरिएको छ।
- बागमती गाउँपालिकाको वडा नं. ०८ शान्तिपुरमा अवस्थित जनता मा.वि. को परिसरमा बागमती फुटबल एकेडेमी स्थापना गरी संचालनमा ल्याईएको छ। उक्त एकेडेमीमा १० देखि १५ बर्ष उमेर समूहका ७६ जना महिला र पुरुष प्रशिक्षार्थी फुटबल खेलाडी एवं विद्यार्थीहरुका लागि आवासीय सुविधा सहित अध्ययन र फुटबल प्रशिक्षणको व्यवस्था मिलाईएको छ।
- बागमती गाउँपालिकाले आफ्नो एकल प्रयासमा आवासीय फुटबल एकेडेमी स्थापना गरी सञ्चालनमा ल्याउने चुनौतीपूर्ण अवसरलाई नेपालमा नै पहिलो पटक खेल प्रतिभा विकासको नयाँ उदाहरण प्रस्तुत गरेको छ। खेलकुदसँगै गुणस्तरीय शिक्षा, अनुशासन, नेतृत्व क्षमता र सकारात्मक जीवनशैलीलाई समान प्राथमिकतामा

राखिएको बागमती गाउँपालिकाको यस Dream Project ले दक्ष, अनुशासित र प्रतिस्पर्धी खेलाडी उत्पादन गर्दै स्थानीय प्रतिभालाई राष्ट्रिय स्तरसम्म पुग्ने अवसर सिर्जना गरेको छ।

- चालु आ.व. २०८२।०८३ मा गृहिणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत उलन फेल्ट ह्याण्डी क्राफ्ट तालिम संचालन गरिएको छ। बागमती गाउँपालिकामा चालु आ.व. २०८२।०८३ मा सिलाई कटाई, मन्टेश्वरी तालिम, ब्यूटीसियन तालिम, अचार बनाउने तालिम लगायतका सिपमुलक तालिम कार्यक्रमहरुको नतिजामुलक तवरले संचालन गरिएको छ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वित्तीय व्यवस्थापन तथा बजेट विवरण प्रस्तुत गर्दछुः आर्थिक वर्ष २०८३।०८४ मा बागमती गाउँपालिकालाई वित्तीय हस्तान्तरण बापत प्राप्त हुने आयमा नेपाल सरकारबाट वित्तीय समानीकरण तर्फ प्राप्त हुने जम्मा **रु. ११ करोड ८७ लाख**, राजस्व बाँडफाँड **रु. १६ करोड ३५ लाख ६ हजार**, सशर्त अनुदान **रु. २२ करोड ३८ लाख**, विशेष अनुदान **रु. २ करोड ९० लाख**, समपुरक अनुदान **रु. ३० लाख**, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण **रु. ९८ लाख ९८ हजार**, राजस्व बाँडफाँड **रु. ४ करोड ७४ लाख ९५ हजार २ सय ५०**, सशर्त अनुदान **रु. ८४ लाख ४ हजार**, समपुरक अनुदान **रु. २ करोड ४० लाख**, विषेश अनुदान **रु. ७० लाख**, स्थानीय राजस्व बाडफाँड रु. **४ करोड ५० हजार**, आन्तरिक स्रोत तर्फ **रु. ५ करोड ७१ लाख ५० हजार ७ सय ५० (नगद मौज्दात समेत)** गरी आम्दानी तर्फ कुल अनुमानित बजेट **रु. ७३ करोड २० लाख ४ हजार** रहेको छ।

९. विनियोजित बजेट मध्ये विषय क्षेत्रगत रुपमा **आर्थिक विकास तर्फ रु. ६ करोड ५ लाख ८ हजार (८.२७%), सामाजिक विकास तर्फ रु. ३५ करोड २८ लाख ६५ हजार (४८.२१%), पूर्वाधार विकास तर्फ रु. १६ करोड १९ लाख ५० हजार (२२.१२%), सुशासन तथा अन्तर सम्बन्धित तर्फ रु. ३ करोड ९ लाख १ हजार (४.२२%)**, र **कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १२ करोड ५७ लाख ८० हजार** (**१७.१८%**) गरी जम्मा **रु. ७३ करोड २० लाख ४ हजार** प्रस्ताव गरेको छु।

१०. शिक्षा युवा तथा खेलकुद, स्वास्थ्य, पूर्वाधार तथा कृषि क्षेत्रलाई आगामी आर्थिक वर्षको वजेटमा विशेष प्राथमिकता दिइएको छ।

११. बागमती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको पूर्वाधार संरचना निर्माण, डेक्स बेञ्च एवं फर्निचर व्यवस्थापन, आवश्यकताको आधारमा सामुदायिक विद्यालयहरु मर्मत सम्भार, गा.पा. अनुदान शिक्षक तलब र पोसाक भत्ता, स्वयम् सेवक शिक्षक व्यवस्थापन, शिक्षा सहजकर्ता व्यवस्थापन, अध्यक्ष छात्रवृत्ति कोष स्थापना, शिक्षक बैंक व्यवस्थापन तथा शिक्षक छनोट परीक्षा सञ्चालन खर्च, आधारभूत तह शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन, शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यक्रम खर्च, लोक सेवा/शिक्षक सेवा आयोग तयारी कक्षा संचालन, स्थानीय भाषाको संरक्षण तथा प्रवर्द्धन, बागमती फुटबल एकेडेमी संचालन तथा व्यवस्थापन, बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता संचालन लगायतका कार्यक्रमहरु शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा प्रस्ताव गरेको छु। बागमती फुटबल एकेडेमी संचालन तथा व्यवस्थापनका लगि रु. ५० लाख एवं बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता संचालनका लागि रु. ४० लाख समेत गरी शिक्षा, युवा तथा खेलकुद तर्फ सङ्घ सरकार र प्रदेश सरकार बाहेक **रु. ५ करोड १० लाख बजेट** प्रस्ताव गरेको छु।

१२. कृषि तथा पशु पालनको व्यावसायीकरण र आधुनिकीकरण गरी कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउन बागमती गाउँपालिकाका किसानहरुले उत्पादन गरेको दुधमा प्रति लिटर बढीमा रु. ५ का दरले अनुदान उपलब्ध गराउन उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यक्रमका लागि रु. १ करोड बजेट प्रस्ताव गरेको छु। कृषि तथा पशुपंक्षी विकासका तर्फका अन्य विविध महत्वपूर्ण कार्यक्रमहरु कार्यान्वयनका लागि कुल **रु. १ करोड ७० लाख ५८ हजार बजेट** प्रस्ताव गरेको छु।

१३. बागमती गाउँपालिका क्षेत्र भित्रका स्थानीय लगायत अन्य क्षेत्र एवं भूगोलका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि १५ शैय्याको सहिद स्मृति आधारभूत अस्पताल संचालन एवं व्यवस्थापनका लागि रु. ७५ लाख बजेट प्रस्ताव गरेको छु। गाउँपालिका भित्रका स्वास्थ्य चौकी मर्मत सम्भार, स्वास्थ्य शिविर तथा आँखा शिविर र महामारी प्रकोप व्यवस्थापन, आमा सुरक्षा कार्यक्रम तथा विपन्न असहायहरुको लागि एम्बुलेन्स सेवा, ल्याब संचालन तथा ल्याब सामग्री व्यवस्थापन खर्च, औषधि, सर्जिकल तथा स्वास्थ्य सामाग्री खरिद, मानसिक रोग

सम्बन्धी कार्यक्रम, खोप तथा स्वास्थ्य सामग्री ढुवानी, गाउँघर तथा खोप क्लिनिक संचालन, आँखा सेवा केन्द्र संचालन लगायतका कार्यक्रमहरु प्रस्ताव गरेको छु। **स्वास्थ्य क्षेत्र तर्फ रु. १ करोड ९४ लाख १५ हजार** प्रस्ताव गरेको छु।

१४. पर्यटन प्रवर्द्धन, नयाँ लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरण, सहकारी प्रवर्द्धन, भूमि व्यवस्थापन, भाषा तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन लगायतका कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ, जस अन्तर्गत भूमि, पर्यटन, संस्कृति तथा सहकारी तर्फ **रु. १ करोड १२ लाख ५० हजार** बजेट प्रस्ताव गरेको छु।

१५. बागमती गाउँपालिकाको महत्वपूर्ण खानेपानी आयोजनाको रुपमा रहेको गुन्द्रुक खोला खानेपानी आयोजनाको क्रमागत कार्यान्वयनका लागि **रु.२ करोड ४९ लाख** प्रस्ताव गरेको छु।

१६. अन्य खानेपानी तथा सरसफाईको क्षेत्रको लागि **रु. १ करोड ७ लाख** बजेट प्रस्ताव गरेको छु।

१७. बागमती गाउँपालिका वडा नं. ०४ मा अवस्थित झुरझुरेमा कर्वड हल निर्माणका लागि सङ्घीय सरकारको समपूरक साझेदारी समेत गरी **रु. ५० लाख** प्रस्ताव गरेको छु।

१८. लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरण अन्तर्गत लक्षित समुदाय प्रवर्द्धन तथा सशक्तीकरण कार्यक्रम लागि सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत **रु. २७ लाख** भन्दा बढी बजेट प्रस्ताव गरेको छु।

१९. राईगाउँ क्यान्टिन सडक र गुर्दुम कुटीभकारी सडकको लागि प्रदेश समपुरक साझेदारी अन्तर्गत **रु. ४ करोड बजेट** प्रस्ताव गरेको छु।

२०. स्थानीय ग्रामीण सडक तथा झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत गाउँपालिकाको महत्वपूर्ण सडक योजना, स्थानीय ग्रामीण सडक तथा झोलेङ्गे पुल निर्माण समेतका आयोजनाहरुको लागि **रु.१३ करोड ९ लाख ५० हजार** बजेट प्रस्ताव गरेको छु।

२१. चालु आ.व. मा निर्माणाधीन क्रसर निर्माण योजना क्रमागत रुपमा आगामी आ.व. सम्पन्न गर्नका लागि **रु.३ करोड बजेट** प्रस्ताव गरेको छु।

२२. बागमती गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि लागत साझेदारी बापतको रकम क्रमागत रुपमा आगामी आ.व. मा कार्यान्वयन गर्नका लागि **रु.२ करोड २०** लाख बजेट प्रस्ताव गरेको छु। यसै गरी भवन तथा सहरी विकास तर्फ **रु.३ करोड ४२ लाख** बजेट प्रस्ताव गरेको छु।

२३. जलस्रोत तथा सिँचाइ, उर्जा, लघु तथा साना जलविद्युत आयोजना(बैकल्पिक उर्जा समेत) का लागि **रु. ६८ लाख** बजेट प्रस्ताव गरेको छु।

२४. वातावरण तथा विपद् व्यवस्थापन, उद्दार, राहत तथा पुनर्स्थापना कार्यको लागि विपद् व्यवस्थापन कोष स्थापना, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायत अन्य कार्यका लागि **रु. १ करोड ३१ लाख ५० हजार** प्रस्ताव गरेको छु।

२५. सुशासन प्रवर्द्धनको क्षेत्रमा न्यायिक समिति व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक सुरक्षा भत्ता वितरण तथा जेष्ठ नागरिक स्वास्थ्य जाँच घुम्ती शिविर संचालन, गुरुयोजना, सर्भे डिजाईन लगायतका कार्यक्रम संचालनका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु।

२६. बागमती गाउँ कार्यपालिका एवं मातहतका कार्यालयको संचालन तथा प्रशासनिक खर्च, कर्मचारीहरुको तलब भत्ता, सेवा-सुविधा, जनप्रतिनिधिहरुको सेवा-सुविधा लगायतका विविध खर्च तर्फ **रु. १२ करोड ५७ लाख ८० हजार बजेट** प्रस्ताव गरेको छु।

२७. बागमती गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीरुले हाल खाईपाई आएको तलबमानमा अधिकतम **२१ प्रतिशत** तलब बढ्ने गरी आगामी आ.व.को बजेट प्रस्ताव गरेको छु।

२८. बागमती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदान शिक्षक, प्रारम्भिक वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुले हाल खाईपाई आएको तलबमानमा अधिकतम **१५ प्रतिशत तलब** बढ्ने गरी आगामी आ.व. को बजेट प्रस्ताव गरेको छु।

२९. आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि चालु खर्च **रु. ४७ करोड २९ लाख ४ हजार, पुँजीगत खर्च रु. २५ करोड ९१ लाख** जसमा नेपाल सरकार सशर्त अनुदान तर्फ चालु खर्च **रु. २२ करोड ३८ लाख**, विशेष अनुदान तर्फ चालु खर्च **रु. ६१ लाख**, विशेष अनुदान तर्फ **पुँजीगत खर्च रु. २ करोड २९ लाख**, संघ सरकार समपूरक तर्फ पुँजीगत खर्च **रु. ३० लाख** र प्रदेश सरकार सर्शत अनुदान तर्फ **चालु खर्च रु. १ करोड १४ लाख ४ हजार**, प्रदेश सरकार सशर्त अनुदान तर्फ **पुँजीगत खर्च रु. २ करोड ८० लाख**, प्रदेश समपूरक अनुदान तर्फ **पुँजीगत खर्च रु. २ करोड ४० लाख** र **प्रदेश विषेश अनुदान तर्फ चालु खर्च रु. ७० लाख** गरी कुल बजेट **रु. ७३ करोड २० लाख ४ हजार** खर्च गर्ने प्रस्ताव गरेको छु।

३०. आगामी आर्थिक वर्ष सञ्चालन हुने मुख्य-मुख्य आयोजना र क्रियाकलापहरु, अनुमानित व्यय र श्रोत व्यवस्थापनको विवरण अनुसूचीमा प्रस्तुत गरेको छु।

**श्रद्धेय अध्यक्ष महोदय,**

३१. यसै साथ बागमती गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को बार्षिक बजेट तथा कार्यक्रम छलफल गरी अनुमोदन गर्ने प्रयोजनार्थ सभा समक्ष पेश गर्दछु।

**श्रद्धेय अध्यक्ष महोदय,**

३२. हाम्रा आवश्यकताहरु असीमित छन् तर स्रोत र साधनहरु सीमित छन्। सीमित स्रोत र साधनबाट समग्र बागमती वासीको चाहना एवं विकासलाई संवोधन गर्न आफैंमा चुनौतीपूर्ण छ। त्यसैले सीमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ। सम्मानित सभा समक्ष प्रस्तावित बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन पश्चात् गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक अवस्थामा उल्लेख्य सुधार भई नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास गरिएको छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय सरकारलाई अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सभाका सम्पूर्ण सदस्यज्यूहरुको सहयोग र सहकार्यको पूर्ण आशा लिएको छु।

३३. बजेट निर्माण कार्यमा प्राविधिक रुपमा अहोरात्र खटिनु हुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत कर्मचारी परिवार, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक एवं सदस्यज्यूहरु लगायत सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद!**

**मितिः २०८३/०३/०५**

**फणिन्द्र कुमार तिमल्सिना**
**उपाध्यक्ष**